TRANSPARENCY INTERNATIONAL NEPAL
coalition against corruption
www.tinepal.org tinepal
जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४
समाज कल्याण परिषद् आ. नं. १४०११
P.O. Box 11486, Chakubaku Marg, New Baneshwor, Kathmandu, Nepal
Tel: +977 1 4475062, 4475112, 4475262 Fax: + 977 1 4475112
E-mail: trans@tinepal.org
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

चं .नं.: १८२/२०७५/०७६

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

मितिः २०७५/९/१८

श्री प्रमुखज्यू
जिल्ला आयोजना कार्यान्वयन ईकाइ अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार
ववरमहल, काठमाडौं

**विषयःजानकारीका सम्बन्धमा ।**

महोदय,

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल भ्रष्टाचार विरुद्ध आवाज उठाउँदै सुशासन, पारदर्शिता र जवाफदेही राज्य प्रणालीका पक्षमा क्रियाशिल नागरिक संस्था हो । विगत २३ वर्षदेखि सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सरकार लगायत अन्य सम्वद्ध निकाय र नागरिक समाजसित यस संस्थाले सहकार्य गर्दै आएको छ ।

यसै सन्दर्भमा भूकम्पवाट अतिप्रभावित १४ जिल्लाहरूमा भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार कार्यक्रम यस संस्थाले सञ्चालन गरिरहेको छ । उक्त कार्यक्रम अन्तरगत काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका मिति २०७५ पौष १५ गते आइतबारका दिन निर्वाचित जनप्रतिनिधिहरू तथा सम्वन्धित सरोकारवालाहरूसँग पुनर्निर्माणको प्रगतिका सम्बन्धमा अन्तरकृया कार्यक्रम सम्पन्न गरिएको यहाँलाई अवगतै छ । उक्त कार्यक्रममा उठान भएका केही विषयहरू यहाँको जानकारी तथा आवश्यक पहलका लागि अनुरोध गर्दछौं ।

१) नेपालको परिप्रेक्ष्यमा पुराना वस्तीहरूमा घर बनाई लालपुर्जा नलिनेको संख्या बढी हुने भएको कारण पुनर्निर्माणमा ढिलाई भएको ।
२) नेवारी समुदायमा बनेका घरहरू एकअर्कामा जोडिएका हुन्छन् एउटा घर भत्काउँदा दाँया बाँयाका घरहरूलाई समेत असर पर्ने कारणले गर्दा पहिलो किस्ता लिई घर नबनाउनेको संख्या बढी भएको ।
३) पुनर्निर्माणको कार्यलाई पूर्ण रुपमा सम्पन्न गर्ने हो भने स्थानिय सरकारलाई नै सम्पूर्ण जिम्मेवारी दिएमा स्थानिय सरकारको तर्फबाट थप सहयोग गरिने विषयमा जनप्रतिनिधिहरूले आवाज उठाउनुभएको थियो ।

उल्लेखित विषयमा त्यहाँबाट सम्पन्न हुने कार्य सम्बन्धी सरोकारवालालाई जानकारी गराई, प्रगति सम्प्रेषण गर्न यस संस्थालाई पत्र मार्फत जानकारी गराईदिनहुन विनम्र अनुरोध गर्दछौं ।

निरन्तर सहयोग र सद्भावको अपेक्षा सहित,

विनोद भट्टराई
वरिष्ठ अधिकृत

**बोधार्थः**

१) जिल्ला प्रशासन कार्यालय, काठमाडौं
२) जिल्ला समन्वय समिति, काठमाडौं
३) जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन), काठमाडौं
४) कीर्तिपुर नगरपालिका, देवढोका २, कीर्तिपुर, काठमाडौं
५) कीर्तिपुर नगरपालिका वडा नं १ को कार्यालय, काठमाडौं
६) कीर्तिपुर नगरपालिका वडा नं २ को कार्यालय, काठमाडौं
७) कीर्तिपुर नगरपालिका वडा नं ३ को कार्यालय, काठमाडौं
८) कीर्तिपुर नगरपालिका वडा नं ४ को कार्यालय, काठमाडौं
९) कीर्तिपुर नगरपालिका वडा नं ५ को कार्यालय, काठमाडौं
१०) कीर्तिपुर नगरपालिका वडा नं ६ को कार्यालय, काठमाडौं
११) कीर्तिपुर नगरपालिका वडा नं ७ को कार्यालय, काठमाडौं